९०४.

# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ३ ] काठमाडौं ज्येष्ठ १८ गते २०११ साल [ संख्या ४१

## भाग १

## नेपाल पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ८

१४—२—०११

पब्लिक वर्क्स र सञ्चारमन्त्रालय–अन्तर्गत टेलिफोन विभागका निमित्त एकजना सीनियर मिस्त्री चाहिएको छ । प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा भरी २०११ साल श्रावण १५ गते रोज ६ सम्ममा उमेदवारहरूले तलको ठेगानामा पुग्ने गरी दरखास्त दिनुहोला । दरखास्त फारामको नमूना प्रत्येक इलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ ।

पदको विवरण यस प्रकार छः—

[१] पदः—सीनियर मिस्त्री, स्थायी तथा पेन्शन पाइने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[२] आवश्यक न्यूनतम योग्यताः —इलेक्ट्रिक र मेकानिकलमा काम गरी पूरा अनुभव प्राप्त भै प्राक्टिकल काम गर्न सक्ने र लेख पढ गर्नसमेत जान्ने ।

[३] विशेष योग्यताः — टेलिफोनको काममा विशेष योग्यता हुनुपर्छ ।

[४] मासिक तलब स्केल र भत्ताः— कं.रु. ७०–१३० र महँगी भत्ता कं.रु. १२॥

[५] कामः— पाल्पादेखि भैरवासम्मको टेलिफोन लाइनको टोली अफिसहरूमा टेलिफोनको सेट बनाउने र अरू परी आएको टेक्निकलसम्बन्धी काम गर्नुपर्छ।

आज्ञाले—

खड्गमान मल्ल एम्. ए.

सेक्रेटरी,— पब्लिक सर्भिस कमिशन

सिंहदरबार, काठमाडौं, नेपाल.

गोरखापत्र छापाखानामा मुद्रित



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।